


वर्ष ४६ | अङ्क ३ | मङ्सिर २०७८ | नोभेम्बर-डिसेम्बर २०२१

# कर्जा विस्तारका कारण तरलतामा चापः गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले निजी क्षेत्रतर्फको कर्जा विस्तार वृद्धि भएका कारण पछिल्लो समय तरलतामा चाप परेको बताउनुभएको छ।

नेपाल बैंकर्स संघको ३५ औं साधारणसभालाई सम्बोधन गर्दै गभर्नर अधिकारीले यस्तो धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो, "आर्थिक वर्षको सुरुआतसँगै निजी क्षेत्रतर्फको कर्जा विस्तार बढ्दा तरलतामा चाप देखिएको छ । आयातको वृद्धिदरसमेत बढी भएको हुँदा शोधनान्तर स्थिति र वैदेशिक मुद्राको सञ्चितिमा केही चाप परेको स्थिति छ ।" यस्तो अवस्थामा संयमित भएर कर्जा लगानी गर्न गभर्नर अधिकारीले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो ।

वित्तीय स्थायित्वका निम्ति कर्जा र निक्षेपको ब्याजदरलाई सन्तुलित बनाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो। नियामक निकाय सहजकर्ताको भूमिकामा केन्द्रित हुन खोज्दाखोज्दै पनि बैंकहरूबीच अस्वस्थ प्रतिस्पर्धाको लडाइका बीच बाध्यात्मक कदमहरू चाल्नुपरेको धारणा गभर्नर अधिकारीले राख्नुभयो ।

बैंक तथा वित्तीय संस्थाले अल्पकालीन असाधारण नाफातर्फ उन्मुख देखिएको उल्लेख गर्दै गभर्नर अधिकारीले संस्थाको दीर्घकालीन सबलीकरणतर्फ केन्द्रित रहनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थाले अल्पकालमा असाधारण नाफाको अपेक्षा राख्नुभन्दा दीर्घकालीन रूपमा सबल रहने सोच राख्नुपर्ने आवश्यकता देखिन्छ।" उहाँले बैंक तथा वित्तीय संस्थालाई नियामकीय निर्देशनमा छिद्र खोज्ने, गलत व्याख्या गर्ने र सरोकारवालाको अपेक्षालाई नजरअन्दाज जस्ता कार्य नगर्नसमेत उहाँले सचेत गराउनुभयो । त्यसले समग्र वित्तीय प्रणालीलाई जोखिममा पार्ने उहाँको धारणा थियो। सो अवसरमा गभर्नर अधिकारीले नेपाल बैंकर्स संघका नवनिर्वाचित पदाधिकारीलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना दिनुभएको थियो ।

कार्यक्रममा गभर्नर अधिकारीले अर्थविद् डा. शङ्करप्रसाद शर्मालाई बैंकर्स संघको तर्फबाट कदरपत्र प्रदान गरेर सम्मान गर्नुभयो। सो अवसरमा अर्थविद् शर्माले वित्तीय प्रणालीमा समस्या आएमा त्यसबाट समग्र अर्थतन्त्रमा क्षति पुग्ने उल्लेख गर्दै बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण प्रणालीलाई सबल तुल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बैंकर्स संघको साधारण सभाले कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्यायको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।



# गभर्नर अधिकारी आईएमएफ/विश्व बैंकको संयुक्त वार्षिक बैठकमा सहभागी




गभर्नर महाप्रसाद अधिकारी अन्तर्राष्ट्रिय मुद्रा कोष/विश्व बैंकको संयुक्त वार्षिक बैठकमा सहभागी हुनुभयो । सन् २०२१ अक्टोबर ७ देखि १९ सम्म भर्चुअल माध्यममा आयोजित वार्षिक बैठकमा उहाँले सहभागिता जनाउनुभएको हो ।

गभर्नर अधिकारीले सन् २०२१ अक्टोबर १२ मा अन्तर्राष्ट्रिय मुद्रा कोषका उप-महाप्रबन्धक बो लीसँग दुईपक्षीय शिष्टाचार भेटघाट र कुराकानी गर्नुभएको थियो । सो भेटघाटमा विश्व, क्षेत्रीय तथा नेपालको आर्थिक स्थितिबारे छलफल भएको थियो ।

साथै नेपाल राष्ट्र बैंकको प्रतिनिधि मण्डलले सन् २०२१ अक्टोबर १५ मा 'IMF Seminar: The Digital Money Revolution' विषयक सेमिनारमा सहभागिता जनाएको थियो ।

उक्त सेमिनारमा कोषका प्रबन्ध निर्देशक क्रिष्टिलिना ग्योर्गिभा, BIS Innovation Hub का प्रमुख बेनोइट कोयर र कोर्नेल विश्वविद्यालयका प्रोफेसर ईश्वरप्रसादले Central Bank Digital Currencies, Private Money, Stable Coins, Crypto assets लगायतका विषयमा आफ्नो धारणा राख्नुभएको थियो । यसै गरी, कार्यक्रमको टिप्पणीकर्ताका रूपमा फाइनान्सियल टाइम्सका प्रमुख अर्थविद् मार्टिन बल्फ रहनुभएको थियो ।

बैठकका क्रममा अक्टोबर १२ देखि १९ सम्म सञ्चालित विभिन्न कार्यक्रममध्ये अक्टोबर १२ मा Joint Seminar: Ending the Pandemic: the road to inclusive recovery, अक्टोबर १४ मा IMF Seminar: Debate on Global Economy, अक्टोबर १८ मा Monetary and Capital Markets Division को दुईपक्षीय छलफल र अक्टोबर १९ को APD High-Level Meeting on Regional Economic Outlook मा आर्थिक अनुसन्धान विभाग र गभर्नरको कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# गभर्नर अधिकारी र आईएमएफ मिसन प्रमुख ग्रेगरीबीच भेट



अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को नेपाल मामिला हेर्ने मिसन प्रमुख रोबर्ट ग्रेगरीले गभर्नर महाप्रसाद अधिकारीसँग शिष्टाचार भेट गर्नुभएको छ । कात्तिक ८ गते गभर्नरको कार्यालयमा भएको उक्त भेटमा उहाँहरूबीच नेपाल सरकारले लिने एक्स्टेन्डेड क्रेडिट फेसिलिटी (ईसीएफ), लेखापरीक्षण र अन्य विषयमा छलफल केन्द्रित रह्यो । भेटका अवसरमा मिसन प्रमुख ग्रेगरीले ईसीएफका सन्दर्भमा नेपाल सरकारका विभिन्न निकायका अधिकारीसँग भएका छलफलको निचोड गभर्नर अधिकारीसमक्ष प्रस्तुत गर्नुभयो ।

मिसन प्रमुख ग्रेगरीले उक्त ईसीएफ माग गर्ने सदस्य राष्ट्रको केन्द्रीय बैंकको लेखापरीक्षण अन्तर्राष्ट्रिय लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था आईएमएफको रहेको धारणा राख्नुभयो । गभर्नर अधिकारीले नेपालको प्रचलित कानुनी व्यवस्थामा संशोधन गरेर मात्रै अन्तर्राष्ट्रिय संस्थाबाट बैंकको वार्षिक लेखापरीक्षण गराउन सकिने धारणा राख्नुभएको थियो । तथापि नेपाल चार्टर्ड संस्था (आईक्यान) मा आबद्ध नभएका संस्थाले पनि बैंकको वार्षिक लेखापरीक्षणबाहेक विशेष प्रकृतिका लेखापरीक्षण गराउन सकिने व्यवस्था रहेको जानकारी दिनुभयो । साथै वित्तीय क्षेत्र स्थायित्व समीक्षाका सम्बन्धमा समेत उहाँहरूबीच छलफल भएको थियो ।

सो अवसरमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू डा. नेफिल मातङ्गि मास्के र डा. प्रकाशकुमार श्रेष्ठ, निर्देशकद्वय डा. रामशरण खरेल र नारायणप्रसाद पोखेलको समेत उपस्थिति थियो । साथै, आईएफएमका तर्फबाट वरिष्ठ आवासीय प्रतिनिधि लुईस ई. ब्रुअर र मिसन सदस्य सराह सायनको उपस्थिति थियो ।

# गभर्नर अधिकारी सार्क फाइनान्स अध्यक्षमा चयन

गभर्नर महाप्रसाद अधिकारी सन् २०२१ नोभेम्बर १६ देखि लागू हुनेगरी SAARCFINANCE को अध्यक्षमा चयन हुनुभएको छ।

२०७८ कात्तिक २९ गतेसम्पन्न 42nd SAARCFINANCE Governors' Group Meeting ले आगामी एक वर्षका निम्ति गभर्नर अधिकारीलाई अध्यक्षमा चयन गरेको हो।



माल्दीभ्स मनिटरी अथोरिटीद्वारा आयोजित भर्चुअल बैठकमा नेपाल राष्ट्र बैंकलगायत सार्क राष्ट्रका अन्य केन्द्रीय बैंकहरू बंगलादेश बैंक, रोयल मनिटरी अथोरिटी अफ भुटान, भारतीय रिजर्व बैंक, माल्दीभ्स मनिटरी अथोरिटी, स्टेट बैंक अफ पाकिस्तान र सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर, डेपुटी गभर्नर तथा सम्बद्ध अधिकारीहरूको सहभागिता थियो।

बैठकमा सार्क फाइनान्सकाको अध्यक्ष रहनुभएका माल्दीभ्स मनिटरी अथोरिटी, गभर्नर अली हसिमले स्वागत मन्तव्य राख्नुभएको थियो। बैठकमा SAARCFINANCE Governors' बीच आर्थिक तथा वित्तीय क्षेत्रको वर्तमान अवस्था, शोधानान्तर स्थिति, कुल विदेशी विनियम सञ्चिति, मुद्रास्फीति, कर्जा प्रवाह, तरलता व्यवस्थापन, विद्युतीय भुक्तानी, जनशक्ति विकास, जलविद्युत्, पर्यटनलगायतका साझा चासो र सहकार्यका विषयमा छलफल भएको थियो। सार्क फाइनान्स सदस्य गभर्नर तथा डेपुटी गभर्नरहरूले आ-आफ्नो मुलुकको समष्टिगत आर्थिक स्थितिबारे जानकारी गराउनुभएको थियो।

सो अवसरमा नेपालका तर्फबाट गभर्नर अधिकारीले नेपालको Macro Surveillance Indicators (MSI) बारे संक्षिप्त जानकारी गराउनुभयो। साथै बैठकमा SAARCFINANCE Collaborative Study का लागि नेपाल राष्ट्र बैंकले नेतृत्व गरेको 'Prospects of Central Bank Digital Currency (CBDC) in SAARC Region' विषयमा हालसम्मको प्रगतिबारे जानकारी गराइएको थियो।

बैठकको अन्त्यमा सार्क फाइनान्स सदस्य गभर्नर तथा डेपुटी गभर्नरहरूले माल्दीभ्स मनिटरी अथोरिटीका गभर्नर अलि हसीमलाई सफल कार्यकालका लागि धन्यवाद ज्ञापन गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर अधिकारीलाई सार्क फाइनान्स अध्यक्षका लागि बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो। बैठकमा नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना, बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू डा. नेफिल मातङ्गी मास्के, डा. प्रकाशकुमार श्रेष्ठ, निर्देशक डा. रामशरण खरेल र सार्क फाइनान्स संयोजक एवम् निर्देशक नारायणप्रसाद पोखेलगायतका अधिकारीहरूको सहभागिता थियो।

# ब्याजदरसम्बन्धी निर्देशन जारी

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने ब्याजदरलाई व्यवस्थित तुल्याउने उद्देश्यले ब्याजदरसम्बन्धी नयाँ नीतिगत व्यवस्था गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले कात्तिक २ गते परिपत्र जारी गर्दै नयाँ व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएको छ। नयाँ व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले जुनसुकै प्रकारको निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण र प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशित ब्याजदरमा अधिकतम १० प्रतिशतका दरले मात्रै परिवर्तन गर्न सक्नेछन्। संस्थागत मुद्दती निक्षेप (बोलकबोलसमेत) मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा दिइने ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम हुनुपर्ने निर्देशनमा उल्लेख छ।

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले जुनसुकै प्रकारको निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशित ब्याजदरमा बढीमा दश प्रतिशतका दरले मात्र परिवर्तन गर्न सक्नेछन्।

(२) संस्थागत मुद्दती निक्षेप (बोलकबोलसमेत) मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम हुनुपर्नेछ।

(३) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले उपबुँदा (१) र (२) बमोजिमको व्यवस्था २०७८ कात्तिक महिनाको लागि प्रकाशित भईसकेको ब्याजदरमा समेत संशोधन गरी मिति २०७८/०७/०३ भित्र आफ्नो वेबसाइट मार्फत सार्वजनिक गरी सोही मितिबाट लागू गर्नु पर्नेछ। यस्तो ब्याजदर मिति २०७८/०७/०५ भित्र दैनिक पत्रिकामासमेत प्रकाशन गर्नुपर्नेछ।

# विभिन्न बैंकका अध्यक्षद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण



नेपाल एसबीआई बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष राजीव अरोराले गभर्नर महाप्रसाद अधिकारीसमक्ष कात्तिक ८ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

नेपाल एसबीआई बैंक लिमिटेड सञ्चालक समितिको कात्तिक ७ गते बसेको ४७६ औं बैठकले अरोरालाई अध्यक्ष चयन गरेको थियो।

यसै गरी, राष्ट्रिय वाणिज्य बैंक र सानिमा बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्षद्वय क्रमशः डा. बलराम पाठक र तुकप्रसाद पौडेलले कात्तिक १६ गते अध्यक्ष अधिकारीसमक्ष पथ तथा गोपनीयताको शपथ लिनुभएको छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सञ्चालक समितिको कात्तिक १६ गतेको बैठकले पाठकलाई अध्यक्ष चयन गरेको थियो। यसअघि अर्थ मन्त्रालयले कात्तिक १२ गते पाठकलाई सञ्चालक समितिको सदस्यमा नियुक्त गरेको थियो।

सानिमा बैंक सञ्चालक समितिको कात्तिक १४ गतेको बैठकले पौडेललाई अध्यक्ष चयन गरेको थियो। बैंक तथा वित्तीय संस्था सञ्चालक समितिका अध्यक्षको कार्यकाल चार वर्ष हुने प्रावधान छ। शपथ ग्रहणपछि गभर्नर अधिकारीले उहाँहरूलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभएको थियो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ।

सोही ऐनको दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ।





# शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम

बडा दसैं, दीपावली, नेपाल सम्वत्-११४२, छठलगायतका पर्वका अवसरमा नेपाल राष्ट्र बैंकका दुई वटा कर्मचारी सङ्गठनले छुट्टाछुट्टै शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गरेका छन् ।

नेपाल राष्ट्र बैंक कर्मचारी संघले कात्तिक ११ गते शुभकामना आदानप्रदान र चियापान कार्यक्रम आयोजना गर्‍यो । गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा संघले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्दै गभर्नर अधिकारीले युनियनहरू बैंकका 'आँखा र कान' रहेको चर्चा गर्नुभयो । उहाँले बैंकसम्बद्ध कर्मचारी संघ/सङ्गठनबाट बैंक व्यवस्थापनले रचनात्मक सहयोग पाएको धारणा गभर्नर अधिकारीले राख्नुभयो । उहाँले सामूहिक सौदाबाजीका सन्दर्भमा स्वस्थ प्रतिस्पर्धा गर्न कर्मचारी संघ/सङ्गठनहरूसँग आग्रह गर्नुभयो । "कतिपय विषयमा युनियनको असम्झदारी हुँदा अफठ्यारो परेको महसुस हामीले गरेका छौं । त्यसैले तपाईंहरू स्वस्थ प्रतिस्पर्धा गरिदिनुस् ।" उहाँले भन्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बैंक व्यवस्थापन र कर्मचारी संघ/सङ्गठनबीच सद्भाव कायम हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाको कार्यान्वयनका निम्ति व्यवस्थापन प्रतिबद्ध रहेको उल्लेख गर्दै व्यवस्थापन र कर्मचारीको सामूहिक प्रयासबाट संस्थाले उपलब्धि हासिल गर्नसक्ने धारणा राख्नुभयो ।




कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघका महासचिव शङ्करप्रसाद भट्टराईले संघका गतिविधि तथा आगामी योजनाबारे धारणा राख्नुभयो भने पूर्वअध्यक्ष प्रेमप्रसाद पाण्डेयले शुभकामना मन्तव्य राख्नुभएको थियो । संघका अध्यक्ष रुद्रप्रसाद तिम्सिनाले धन्यवाद ज्ञापन गर्दै समापन मन्तव्य राख्नुभएको थियो । संघका वरिष्ठ उपाध्यक्ष पदमराज जोशीले स्वागत मन्तव्य राख्नुभयो भने सचिव गीता पोखेल लम्सालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक केन्द्रीय समितिले कात्तिक १४ गते शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गर्‍यो । रक्षामन्त्री डा. मीनेन्द्रप्रसाद रिजालको प्रमुख आतिथ्यमा संघले सो कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा रक्षामन्त्री रिजालले केन्द्रीय बैंकको रूपमा राष्ट्र बैंक स्वायत्त हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "राष्ट्र बैंक स्वायत्त हुनुपर्छ । म आफू पनि स्वायत्तताकै पक्षधर हुँ । सरकार र बैंक दुवै आफ्नो परिधिभित्र रहेको अवस्थामा मात्रै स्वायत्तता सुनिश्चित रहन्छ ।" बैंकको संस्थागत संयन्त्र सबल रहेको अवस्थामा त्यसले स्वायत्ततालाई थप बलियो बनाउने उहाँको धारणा थियो ।

कार्यक्रममा विशिष्ट अतिथि गभर्नर महाप्रसाद अधिकारीले बाह्य क्षेत्र स्थायित्व, तरलतालगायतका दृष्टिले यस वर्ष अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै थप जिम्मेवार र प्रभावकारी ढङ्गले काम गर्न कर्मचारीहरूलाई आह्वान गर्नुभयो । उहाँले बैंकमा आधिकारिक ट्रेड युनियन (सीबीए) को निर्वाचनका निम्ति व्यवस्थापन पक्ष तयार रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "सीबीए हाम्रो पनि प्राथमिकताको विषय हो । सीबीए निर्वाचनको निम्ति हामी सबै युनियनसँग छलफल गर्न तयार छौं ।"

सो अवसरमा नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय समितिका अध्यक्ष पदमराज रेग्मी, राष्ट्र बैंक समितिका पूर्वअध्यक्ष डा. सञ्जयप्रसाद मिश्र, समितिका वरिष्ठ उपाध्यक्ष माधवप्रसाद अधिकारी, महासचिव राजीव शर्मा रेग्मीले शुभकामना मन्तव्य राख्नुभयो । कार्यक्रममा प्रथम उपाध्यक्ष राजनप्रसाद रेग्मीले स्वागत मन्तव्य राख्नुभयो भने सचिव हरिकृष्ण भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । अध्यक्ष रेशमराज रेग्मीले धन्यवाद ज्ञापन गर्दै समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका उच्च अधिकारी, समितिका पूर्वअध्यक्षहरू, कर्मचारीलगायतको उपस्थिति थियो ।



# बर्दिबासमा अनुशिक्षण कार्यक्रम



जनकपुर कार्यालयले असोज १५ गते महोत्तरीको बर्दिबासमा 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको सामाजिक उत्तरदायित्व' विषयक एक दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा प्रदेश नं. २ अन्तर्गतका बैंक तथा वित्तीय संस्थाका प्रादेशिक कार्यालय प्रमुख, लघुवित्त वित्तीय संस्थाका प्रमुख, उद्योग वाणिज्य संघ र होटल तथा पर्यटन व्यवसायी संघका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा कार्यकारी निर्देशक ढकालले सहुलियतपूर्ण कर्जासम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ का उद्देश्य, किसिम, धितोसम्बन्धी व्यवस्था, अन्य नीतिगत व्यवस्था, यसको कार्यान्वयनको अवस्था, चुनौतीसँगै प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकायको भूमिकालगायतका विषयबारे चर्चा गर्नुभयो ।

यसै गरी, कार्यकारी निर्देशक ढकालले पुनरकर्जा सुविधा र बैंक तथा वित्तीय संस्थाको सामाजिक उत्तरदायित्व विषयमा समेत कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा पुनरकर्जाको नीतिगत व्यवस्था, पुनरकर्जा कार्यान्वयनमा वित्तीय संस्थाको जिम्मेवारी, पुनरकर्जा कार्यान्वयनको विद्यमान अवस्था र संस्थागत सामाजिक उत्तरदायित्वका नीतिगत पक्षबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठले सहुलियतपूर्ण कर्जा र पुनरकर्जाको सुविधा लक्षित वर्गमा सहज ढङ्गले पुग्नुपर्ने र यसको सदुपयोग हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यालयका उप-निर्देशक अशोककुमार राईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो । सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरी र प्रधान सहायक गोपालबहादुर बुढाथोकीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वीरगञ्जमा विद्युतीय भुक्तानी प्रवर्द्धनसम्बन्धी अनुशिक्षण




भुक्तानी प्रणाली विभागले वीरगञ्ज कार्यालयको समन्वयमा असोज १७ गते वीरगञ्जमा 'विद्युतीय भुक्तानी प्रवर्द्धन' विषयक एक दिवसीय अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो । भुक्तानी प्रणालीको परिचयसँगै भुक्तानी प्रणालीसम्बन्धी विद्यमान नीतिगत व्यवस्थाबारे जानकारी दिने उद्देश्यले उक्त अनुशिक्षण आयोजना गरिएको हो । विभागका निर्देशक निश्चल अधिकारीको सभापतित्व र वीरगञ्ज कार्यालयका का.मु.निर्देशक प्रियङ्का बस्न्यातको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा वीरगञ्जस्थित बैंक तथा वित्तीय संस्थाका ४८, भुक्तानी प्रणाली विभाग र वीरगञ्ज कार्यालयका १० कर्मचारीसहित ५८ जनाको सहभागिता थियो ।

सो अवसरमा विभागका सहायक निर्देशकद्वय अस्मिता महत र स्मृति भट्टले भुक्तानी प्रणालीको विकासक्रम, भुक्तानी प्रणालीको महत्व, भुक्तानीका प्रचलित उपकरण, भुक्तानीसम्बन्धी नीतिगत व्यवस्था, भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०७८ का प्रमुख व्यवस्था र विद्युतीय भुक्तानी प्रवर्द्धनको लागि आगामी कार्यदिशाका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रमको छलफल सत्रमा कार्यपत्र प्रस्तोताद्वय र निर्देशक अधिकारीले सहभागीको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा का.मु.निर्देशक बस्न्यातले धन्यवाद ज्ञापन गर्दै विद्युतीय भुक्तानीको विकास, यसको महत्व र सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकासमा नेपाल राष्ट्र बैंकले चालेका कदमबारे चर्चा गर्नुभएको थियो ।

# हेटौंडामा आर्थिक गतिविधिसम्बन्धी गोष्ठी सम्पन्न



आर्थिक अनुसन्धान विभागले कात्तिक ११ गते हेटौंडामा आर्थिक गतिविधिसम्बन्धी गोष्ठी आयोजना गर्‍यो ।

विभागका निर्देशक माधव दङ्गालको प्रमुख आतिथ्यमा आयोजित गोष्ठीमा बागमती प्रदेशस्थित मन्त्रालय र अन्य सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाका प्रतिनिधिसँगै आर्थिक गतिविधि अध्ययनका निम्ति नमूना छनोटमा रहेका उद्योगी/व्यवसायीको सहभागिता थियो । आर्थिक अनुसन्धान विभागबाट नियमित रूपमा प्रकाशन गर्ने आर्थिक गतिविधि अध्ययन तथा समयसमयमा हुने विभिन्न सर्वेक्षण तथा अन्य अध्ययनका निम्ति आवश्यक पर्ने तथ्याङ्क र सूचनाहरू उपलब्ध गराउने निकायका प्रतिनिधिलाई गोष्ठीमा आमन्त्रण गरिएको थियो ।

कार्यक्रममा विभागका निर्देशक दङ्गालले बैंकले तयार गर्ने अध्ययन प्रतिवेदनबारे कार्यपत्र प्रस्तुत गर्दै सार्वजनिक नीतिको तर्जुमा र प्रभावकारी कार्यान्वयनका सन्दर्भमा तथ्याङ्कको उपादेयताबारे चर्चा गर्नुभयो । उहाँले समयमै यथार्थ तथ्याङ्क तथा सूचना उपलब्ध गराइदिन सरोकारवाला निकायसँग अनुरोध गर्नुभयो ।

सो अवसरमा विभागका उप-निर्देशक प्रेमप्रसाद आचार्यले गोष्ठीको औचित्यबारे प्रकाश पार्दै सरोकारवाला पक्षको सामूहिक प्रयासले नै आर्थिक गतिविधिसम्बन्धी अध्ययन प्रतिवेदन विश्वसनीय, प्रभावकारी र उपयोगी हुने धारणा राख्नुभयो ।

सहायक निर्देशक उदयराज पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा ज्ञान आदानप्रदान कार्यक्रम

सिद्धार्थनगर कार्यालयले कात्तिक ४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा उप-निर्देशक गुलाब धवलले 'लुम्बिनी प्रदेशको पर्यटन क्षेत्रमा कोभिड-१९ को प्रथम लहरले पारेको प्रभाव' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।




सिद्धार्थनगर कार्यालयको अनुसन्धान इकाईले लुम्बिनी प्रदेशको पर्यटन क्षेत्रमा कोभिडको असरबारे लामो अध्ययन गरेको थियो । सोही अध्ययनपछि तयार गरिएको प्रतिवेदनका निष्कर्षलाई कार्यक्रममा प्रस्तुत गरिएको हो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमा गरिएको पुनर्संरचनासम्बन्धी नीतिगत प्रयासबाट ठूलो राहत दिइएको सम्बन्धमा चर्चा गर्नुभएको थियो ।

# सोलुखुम्बुको फाक्दिङमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम




आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना तथा नेपाल राष्ट्र बैंकको प्रवर्द्धनमा कार्तिक ६ गते सोलुखुम्बुको पासाङल्हामु गाउँपालिकास्थित फाक्दिङमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा स्थानीय होटल व्यवसायी, महिला, उद्यमीलगायत करिब ८० जनाको सहभागिता थियो । सो अवसरमा आयोजक सहकारीका शिक्षा समिति सदस्य बालकृष्ण अर्यालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा आपसी सहयोग सहकारीका उपाध्यक्ष सुशील ज्ञवालीले बैंकिङ तथा वित्तीय प्रणालीका आधारभूत विषयवस्तु समेटेर वार्ता प्रस्तुत गर्नुभयो । गभर्नरको कार्यालयका उप-निर्देशक डा. रमेशप्रसाद चौलागाईले बचत, कर्जाको सदुपयोग, बैंकिङ तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना तथा जानकारी प्राप्तिको स्रोत एवम् विधि, उजुरी/गुनासोसम्बन्धी व्यवस्था, आयआर्जनका स्रोत, बचतपत्र, रेमिट्यान्सको आप्रवाहको माध्यम, विद्युतीय बैंकिङ प्रविधिको प्रयोग, बीमा सेवालगायतका विषयवस्तुबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा फाक्दिङका स्थानीय होटल व्यवसायी आङजाङ्घु शेर्पाले फाक्दिङमा वित्तीय सचेतना कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिनुभयो ।

कार्यक्रम सहकारीका अध्यक्ष दीपक पोखरेलको सभापतित्वमा सम्पन्न भएको थियो ।

# सिद्धार्थनगर कार्यालयद्वारा अनुशिक्षण आयोजना

सिद्धार्थनगर कार्यालयले कात्तिक ११ गते ‘सरकारी करोबारसम्बन्धी नीतिगत विषय तथा व्यावहारिक पक्ष’ विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

बैंकिङ विभागसँगको समन्वयमा कार्यालयले भर्चुअल माध्यमबाट उक्त अनुशिक्षण आयोजना गरेको हो । कार्यक्रममा सरकारी कारोबारमा संलग्न लुम्बिनी प्रदेशस्थित वाणिज्य बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सिद्धार्थनगर कार्यालयका कर्मचारीसहित ३० जनाको सहभागिता थियो ।

कार्यक्रमको पहिलो सत्रमा बैंकिङ विभागका निर्देशक सिर्जना बास्तोलाले ‘सरकारी कारोबार निर्देशिका, २०७६ का मुख्य नीतिगत व्यवस्थाहरू’ र दोस्रो सत्रमा सोही विभागका उप-निर्देशक प्रमेश पोखरेलले ‘सरकारी कारोबार निर्देशिका, २०७६ को कार्यान्वयनका व्यावहारिक पक्षहरू’ विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै सरकारी कारोबारमा आम्दानी खर्चको लेखाङ्कनको प्रभावकारिता बढाउने, समयमै हिसाबमिलान गर्ने र कारोबारको विवरण अद्यावधिक गर्नका लागि सरोकारवाला पक्षको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो ।

सिद्धार्थनगर कार्यालयका प्रधान सहायक सुवासचन्द्र चौधरीले अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा बैंक तथा वित्तीय संस्थासँग अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले कात्तिक ५ गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग समसामयिक बैंकिङ तथा वित्तीय विषयमा केन्द्रित रहेर अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका लुम्बिनी प्रदेश प्रमुख र शाखा प्रमुखहरूको उपस्थिति थियो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक सुदीप फुयालले बैंक तथा वित्तीय संस्थाको दैनिक कार्य सञ्चालनबारे चर्चा



गर्दै नगदरहित कारोबारलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

# दामन-पालुङ बजारकेन्द्रमा मूल्य तथ्याङ्कसम्बन्धी अन्तरक्रिया




आर्थिक अनुसन्धान विभागले कात्तिक ६ गते मकवानपुर जिल्लाको दामन-पालुङ बजारकेन्द्रमा 'मूल्य तथ्याङ्कसम्बन्धी अन्तरक्रिया' कार्यक्रम गर्‍यो ।

विभागको मूल्य महाशाखाका का.मु. निर्देशक आर्या जोशीको सभापतित्व र थाहा नगरपालिकाका उपमेयर खड्गबहादुर गोपालीको प्रमुख आतिथ्यमा आयोजित अन्तरक्रियामा दामन-पालुङ बजार केन्द्रस्थित पसल सञ्चालकहरूको सहभागिता थियो। कार्यक्रममा विभागका सहायक निर्देशक धर्मेन्द्र तिमिल्सिनाले मुलुकभरका ६० वटा बजार केन्द्रबाट सङ्कलन गरिने मूल्य तथ्याङ्कको विविध पक्ष र त्यसको उपयोगितालाई समेटेर एक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा थाहा नगरपालिकाका उपमेयर गोपालीले राष्ट्र बैंकबाट सङ्कलन हुने मूल्य तथ्याङ्कले मुलुकभरको मुद्रास्फीतिको मापन हुने उल्लेख गर्दै सहज रूपमा मूल्यसम्बन्धी तथ्याङ्क उपलब्ध गराउन स्थानीय व्यवसायीहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा थाहा नगरपालिका वडा नं. ३ का अध्यक्ष राजन केसी, जनकल्याण माविका प्रधानाध्यापक सानुभाइ कार्की, सहायक प्रधानाध्यापक कृष्ण बिष्टलगायतले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा का.मु. निर्देशक जोशीले राष्ट्र बैंकले सङ्कलन गर्ने मूल्य तथ्याङ्कको औचित्यबारे चर्चा गर्दै अर्थतन्त्रको दिगो विकासको निम्ति मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तयार गर्ने र सो नीतिको कार्यान्वयनबाट आर्थिक तथा वित्तीय क्षेत्रको विकासमा योगदान पुग्ने धारणा राख्नभयो । साथै उहाँले सहभागीका जिज्ञासाको जवाफसमेत दिनुभयो । उक्त कार्यक्रम सहायक कुशल ढकालले सञ्चालन गर्नुभएको थियो ।

# भुक्तानी प्रणालीको एकीकृत निर्देशन-२०७८ सम्बन्धी अन्तरक्रिया

भुक्तानी प्रणाली विभागले असोज १९ गते अनुमतिपत्रप्राप्त संस्थालाई जारी गरिएको एकीकृत निर्देशन र समयसमयमा जारी अन्य निर्देशनका सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

अनुमतिप्राप्त संस्थाको निम्ति जारी गरिएको निर्देशनबारे जानकारी गराउने उद्देश्यका साथ विभागले वेबिनारमार्फत उक्त अन्तरक्रिया आयोजना गरेको हो। कार्यक्रममा १० भुक्तानी प्रणाली सञ्चालक, २८ भुक्तानी सेवा प्रदायक, २७ वाणिज्य बैंक र १२ वटा विकास बैंकसँगै राष्ट्र बैंकका विभिन्न विभागका प्रतिनिधिसहित १४५ जनाको सहभागिता थियो ।

कार्यक्रममा भुक्तानी प्रणाली विभागका उप-निर्देशक तीर्थराज ओभाले भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७८ का नीतिगत व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर बमबहादुर मिश्रले अन्तरक्रिया कार्यक्रमलाई 'लर्निङ प्लेटफर्म'को रूपमा लिँदै नियामक निकायबाट जारी भएका नीतिगत व्यवस्था/निर्देशनको पालना गर्न सम्बद्ध संस्थाहरूलाई आग्रह गर्नुभयो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कडेलले कार्यक्रममा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा विभागका निर्देशक निश्चल अधिकारीले स्वागत मन्तव्य राख्दै नियामक निकायले जारी गरेका निर्देशनको महत्व र निर्देशनको पालना सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।

## 'Financial Statement Analysis and NFRS' विषयक तालिम सम्पन्न



बैकर्स प्रशिक्षण केन्द्रले कात्तिक ७ देखि १२ गतेसम्म 'Financial Statement Analysis and NFRS' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो ।

उक्त तालिममा बैंकका विभिन्न विभागका अधिकृत र सहायकस्तरका गरी २९ जना कर्मचारीको सहभागिता थियो । तालिमका क्रममा सात जना प्रशिक्षकमार्फत १७ वटा सेसनहरू सञ्चालन गरिएको थियो ।

कार्यक्रममा स्वागत र समापन मन्तव्य राख्दै केन्द्रका निर्देशक आनन्द पौड्यालले तालिमको आवश्यकता र महत्वबारे प्रकाश पार्दै तालिममा सिकेका ज्ञान/सीपलाई कार्यसम्पादनमा उपयोग हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

## सहायक निर्देशक थापामगरको निधन



नेपाल राष्ट्र बैंकका सहायक निर्देशक कृति थापामगरको असामयिक निधन भएको छ। उहाँ बैंकिङ विभागमा कार्यरत हुनुहुन्थ्यो।

स्वास्थ्यमा समस्या देखिएपछि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा भर्ना हुनुभएका थापामगरको उपचारका क्रममा गत कात्तिक १५ गते निधन भएको हो । २०४७ कात्तिक २८ गते जन्मिनुभएका थापामगर २०७६ असार १८ गते सहायक निर्देशकको रूपमा बैंक सेवा प्रवेश गर्नुभएको थियो ।

उहाँको निधनमा जनशक्ति व्यवस्थापन विभागले कात्तिक १६ गते भर्चुअल माध्यममार्फत श्रद्धाञ्जली सभा कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले सहायक निर्देशक थापामगरको असामयिक निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्नुभएको थियो ।

## सरुवा

असोज ८ गतेको निर्णयानुसार विभिन्न विभाग/कार्यालयका पाँच जना कर्मचारीको सरुवा भएको छ । जसअनुसार मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मम्ता रावत नेपालगञ्ज कार्यालय, नेपालगञ्ज कार्यालयका प्रधान सहायक जुना श्रेष्ठ विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज), मुद्रा व्यवस्थापन विभागका सहायक श्रीलाल कार्की आन्तरिक लेखापरीक्षण विभाग (कामकाज), वित्त व्यवस्थापन विभागका सहायक गणेशबहादुर कार्की विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज) र बैंकिङ विभागका सहायक (सू.प्र.) सिकिन्दर महतो सूचना प्रविधि महाशाखा (कामकाज) मा सरुवा हुनुभएको छ ।

## बढुवा

मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा) का सहायक निर्देशक (मेकानिकल) रेवतीकुमार श्रेष्ठ उप-निर्देशक (मेकानिकल) पदमा बढुवा हुनुभएको छ। यसै गरी, सूचना प्रविधि महाशाखाका सहायक निर्देशक (सू.प्र.)द्वय दिपेशकुमार श्रेष्ठ र सुरेश पौडेल उप-निर्देशक (सू.प्र.) पदमा बढुवा हुनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

## राजीनामा/अवकाश

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक प्रतिष्ठा पनेरुले राजीनामा दिई बैंक सेवाबाट अलग हुनुभएको छ। उहाँले कात्तिक १ देखि लागू हुनेगरी राजीनामा दिनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ । यसै गरी, बैंकिङ विभागका सहायक खेमा पौडेलले ५८ वर्षे उमेर हदका कारण कात्तिक ९ देखि सेवाबाट अवकाश पाउनुभएको छ ।

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*

डा. भागवत आचार्य

*सम्पादन सहयोगी*

सृजना क्षेत्री

लालकुमार सुवेदी

नवीना ताम्राकार